☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं.

च.नं.

## स्थानीय सेवाको गठन,संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी ७ (सात) दिने सूचना ।

सूचना नं.:- ०१ / २०७९/२०८० (तहबृद्धि)

सूचना प्रकाशन मिति २०७९/०७/०२

स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि , योग्यता पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तहबृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ९ बमोजिमको दरबन्दी मिलान भई स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनको स्थानीय सेवाको (गठन तथा संञ्चालन) अध्यादेशको दफा ९ बमोजिम योग्यता पूरा गरेका तथा दफा ३२ बमोजिमको नकारात्मक सूचीमा नपरेका तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कावासोती नगरपालिका कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरूले कावासोती नगरपालिका कार्यालय को वेबसाइट www.kawasotimun.gov.np वा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको वेबसाइट www.ocmcm.gandaki.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी कार्यालय प्रमुख बाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०७९/०७/०८ गते सम्ममा प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजि कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ तहवृद्धि सम्बन्धी सूचना कावासोती नगरपालिका कार्यालयको वेबसाइटमा हेर्नु हुन अनुरोध गरिन्छ ।

२०७९।७।२

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल स्था:२०७३

## स्थानीय सेवाको गठन,संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी ७ (सात) दिने सूचना ।

सूचना नं.:- ०१ / २०७९/२०८० (तहबृद्धि)
सूचना प्रकाशन मिति २०७९/०७/०२

स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि , योग्यता पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तहबुद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ९ बमोजिमको दरबन्दी मिलान भई स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनको स्थानीय सेवाको (गठन तथा संञ्चालन) अध्यादेशको दफा ९ बमोजिम योग्यता पूरा गरेका तथा दफा ३२ बमोजिमको नकारात्मक सूचीमा नपरेका तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कावासोती नगरपालिका कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरूले कावासोती नगरपालिका कार्यालय को वेबसाइट www.kawasotimun.gov.np वा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको वेबसाइट www.ocmcm.gandaki.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी कार्यालय प्रमुख बाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०७९/०७/०८ गते सम्ममा प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजि कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ तहवृद्धि सम्बन्धी सूचना कावासोती नगरपालिका कार्यालयको वेबसाइटमा हेर्नु हुन अनुरोध गरिन्छ ।

उम्मेदवार कर्मचारीले आवेदन दिँदा तथा कार्यालयले तह वृद्धि गर्दा ध्यान दिनुपर्ने विषयहरुः

१. स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेशको स्वास्थ्य सेवा बाहेकका अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

२. स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेशको स्वास्थ्य सेवा बाहेकका अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ।

१. गण्डकी प्रदेश निजामती सेवाको स्वास्थ्य सेवाको हकमा तहवृद्धिको लागि देहायबमोजिमको शर्त र सेवा अवधि पूरा भएको हुनुपर्नेछः

(अ) सहायकस्तर पाँचौ तहको पदमा तहवृद्धिको लागि सहायकस्तर चौथो तहको पदमा
पाँच वर्ष सेवा अवधि पूरा गरेका,

(आ) अधिकृतस्तर छैटौं तहको पदमा तहवृद्धिको लागि सहायकस्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भएका वा सहायकस्तर पाँचौ तहको पदमा तहवृद्धि भई सो तहको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता भएका उम्मेदवारको हकमा पाँच वर्ष सेवा अवधि पूरा गरेका,

तर, सहायकस्तर पाँचौ तहको पदमा तहवृद्धि भएकामध्ये सो तहको पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता नभएका उम्मेदवारको हकमा आठ वर्ष सेवा अवधि पूरा गरेका,

(इ) अधिकृतस्तर सातौं तहको पदमा तहवृद्धिको लागि अधिकृतस्तर छैटौं तहको पदमा आठ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूमध्ये सहायकस्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भई अधिकृतस्तर छैटौं तहको पदमा तहवृद्धि भएका,

(ई) अधिकृतस्तर आठौं तहको पदमा तहवृद्धिको लागि अधिकृतस्तर सातौं तहको पदमा शुरु नियुक्ति भई पाँच वर्ष सेवा अवधि पूरा गरेका,

(उ) अधिकृतस्तर दशौं तहको पदमा तहवृद्धिको लागि अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेका,

(ऊ) पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा उत्तम अङ्क प्राप्त गरेका ।

४. सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

५. स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ३२ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।
६. आवेदन फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ।

७. आवेदन फारामसाथ तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कावासोती नगरपालिकामा समायोजन भएको समायोजनपत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति र स्थानिय सेवाको गठन, संञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वःघोषणा गरी पेश गर्नुपर्नेछ ।